नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-२४८९

सिंहदरबार,
काठमाडौं, नेपाल

२०७९/०३/२२
मिति :...........................

**विषय : सेवा इकाईमा कार्यरत कर्मचारीको सेवा करार सम्बन्धमा।**

श्री नगरपालिकाको कार्यालय, सबै।

श्री गाउँपालिकाको कार्यालय, सबै।

प्रस्तुत विषयमा अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने कार्यमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) अन्तर्गत एम. आइ. एस. अपरेटर तथा फिल्ड सहायकलाई "सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६" बमोजिम पदपूर्ति गरी कार्य सञ्चालन भएको व्यहोरा विदितै छ। आगामी आर्थिक वर्षमा छ (६) महिनाको लागि विभागबाट र बाँकी छ (६) महिनाको लागि सम्बन्धित स्थानीय तहबाट स्रोत साझेदारी गर्ने समझदारी भईसकेको अवस्थामा कतिपय स्थानीय तहबाट आगामी आर्थिक वर्षको साउन महिना देखि कर्मचारीको सेवा करार भङ्ग गर्ने निर्णय भएको गुनासो प्राप्त भएको छ।

तसर्थ, कुनै आधार बिना SSSPCR अन्तर्गत कार्यरत कर्मचारीको करार भङ्ग गर्दा आयोजना सञ्चालन, व्यवस्थापन र उद्देश्य प्राप्तिमा प्रतिकुल असर पर्ने हुनाले सेवा इकाईको लागि "जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६" को दफा १८ बमोजिम विभागको पूर्व स्वीकृति नलिई सेवा इकाईमा कार्यरत कर्मचारीको सेवा करार अन्त्य गरी पदबाट हटाउने कार्य नगर्नु/नगराउनुहुन निर्णय अनुसार अनुरोध छ।

..............
मीना अर्याल
(निर्देशक)

<u>अवगतार्थ</u>
श्रीमान् सचिवज्यू, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्रीमान् सचिवज्यू, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।